सर्वोच्च अदालत
काठमाडौ

## प्रेस विज्ञप्ती

## सम्माननीय प्रधान न्यायाधीश सहितको टोली रुसी महासंघको भ्रमण सम्पन्न गरी स्वदेश फिर्ता

रुसी महासंघको संवैधानिक अदालतको आयोजनामा St. Petersburg मा मिति २०७६ वैशाख ३१ देखि जेठ ३ गतेसम्म सम्पन्न भएको IX International Legal Forum कार्यक्रम र रुसी महासंघको सर्वोच्च अदालतको अध्यक्षको औपचारिक निमन्त्रणामा आयोजित मिति २०७६ जेठ ५ देखी ८ गतेसम्म भएको पूर्वनिर्धारित भेटवार्ता कार्यक्रम सम्पन्न गरी सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा. ज्यू सहितको चार सदसीय भ्रमण टोली स्वदेश फिर्ता भएको छ। सो कार्यक्रमहरुमा सहभागी हुन भ्रमण टोली मिति २०७६ वैशाख २९ गते रुसी महासंघ प्रस्थान गरेको थियो।

२०७६ वैशाख ३१ देखि जेठ ३ गतेसम्म सम्पन्न भएको IX International Legal Forum मा नेपालको न्यायपालिकाको तर्फबाट प्रतिनिधित्व सम्माननीय प्रधान न्यायाधीशज्यूले गर्नुभएको थियो। उक्त सम्मेलनमा विशेषतः संवैधानिक अदालत वा इजलासको अभ्यास गरिरहेको मुलुकहरुका उच्च पदस्थ प्रतिनिधिहरुको सहभागिता रहेको थियो। उक्त कार्यक्रममा संवैधानिक अदालत तथा इजलासको शुदृढिकरण तथा व्यवस्थापन लगायत विविध पक्षहरुको सम्बन्धमा छलफल भएको थियो।

सो सम्मेलन पश्चात रुसी महासंघको सर्वोच्च अदालतका अध्यक्षको औपचारिक निमन्त्रणा स्विकार्दै Moscow मा हुने भनिएको भेटवार्ताको कार्यक्रममा सहभागी हुनुभएको थियो। सम्माननीय प्रधान न्यायाधीशको श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र रुसी महासंघको सर्वोच्च अदालतका अध्यक्ष H.E. Vyacheslav M. Lebedev सँग औपचारिक भेटमा नेपाल र रुसी महासंघको न्यायपालिकाको सम्बन्धमा समसामयिक विषयमा घनिभूत छलफल भयो। उक्त छलफल कार्यक्रममा आफूलाई रुसी महासंघमा आमन्त्रणा गरेकोमा हार्दिक धन्यवाद दिदै उहाँलाई पनि नेपालको न्यायपालिका र विभिन्न न्यायिक निकायहरुमा स्थलगत भ्रमणको लागि औपचारिक निमन्त्रणा समेत दिनुभएको थियो।

उक्त भेटवार्ता पश्चात सोही दिनमा रुसी महासंघको सर्वोच्च अदालतको Judicial Department का महानिर्देशक Mr. Alexander Gusev सँग समेत भेटवार्ता रहेको थियो। उक्त भेटवार्तामा Judicial Department बाट समन्वय हुने कामकारवाहीको बारेमा जानकारी हासिल गरी नेपालको न्यायपालिकामा समेत उक्त Judicial Department बाट सम्पादन गरिने न्यायिक कार्यको सम्भाव्यता लगायत विविध विषयमा छलफल भयो।

औपचारिक भेटकै क्रममा मिति २०७६ जेठ ७ गते Commercial Court of the City of Moscow का अध्यक्ष Mr. Nikolay Novikov सँग भेटवार्ता सम्पन्न भयो। उक्त भेटवार्तामा Moscow मा रहेको Commercial Court ले सम्पादन गर्ने कार्य सम्बन्धमा छलफल भयो। सो सन्दर्भमा नेपालको न्यायपालिकामा रहेको Commercial Bench को शुदृणिकरणका लागि के कस्ता रणनीतिहरु अपनाउनु सक्ने भन्ने सम्बन्धमा दुई राष्ट्रहरुको अनुभवको आदान प्रदान गरियो।

सम्माननीयज्यूले नेतृत्व गरेको उक्त चार सदसीय भ्रमण टोलीमा उहाँको धर्मपत्नी श्री रेजी क्षेत्री राणा, सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार श्री नृपध्वज निरौला र सर्वोच्च अदालतका शाखा अधिकृत श्री सम्झना सिम्खडा समेत रहनुभएको थियो। मस्कोको पुर्वनिर्धारित कार्यक्रम तथा त्यहाँको उच्च पदस्थ पदाधिकारीहरुसँग भेटवार्ता गरी भ्रमण टोली मिति २०७६ जेठ ०९ गते स्वदेश फिर्ता भएको छ।

२०७६ साल जेठ महिना १० गते शुक्रवार,

काठमाडौं।